# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।१७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास बाँकेमा कार्यरत टाइपिस्ट नायव सुब्बा कृष्ण कुमार पाठक र कार्यालय सहयोगी गयादिन गडरियाले अदालतमा विचाराधीन मुद्दामा सहजीकरण गरिदिने बहानामा सेवाग्राहीसँग क्रमश रू.३,००,०००।— र रू.१,००,०००।— घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निज नायव सुब्बा कृष्ण कुमार पाठकलाई सेवाग्राहीसँग रू.३,००,०००।— (तीन लाख) घुसबापतको रकम लिदै गर्दाको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज कृष्ण कुमार पाठक र निजको छोरा आदित्य कुमार पाठकले एक आपसमा मिलेमतो गरी अदालतमा विचाराधीन मुद्दामा सहजीकरण गरिदिने बहानामा घुस रकम माग गरी निज कृष्ण कुमार पाठकले सेवाग्राहीसँग रू ३,००,०००।—(तीन लाख) घुस बापतको रकम लिई निजको छोरा आदित्य कुमार पाठकलाई दिएकोमा निज आदित्य कुमार पाठक उक्त घुस रकम लिई फरार रहेको देखिएकोले उक्त घुस रकम लिने कार्यमा निज कृष्ण कुमार पाठकको प्रत्यक्ष संलग्नता देखिई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज कृष्ण कुमार पाठकलाई बिगो रू.३,००,०००।— (तीन लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन र निज आदित्य कुमार पाठकले उक्त घुस लिने कार्यमा सहयोग गरेको देखिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको ।

साथै कार्यालय सहयोगी गयादिन गडरियाले उक्त मुद्दामा सहजीकरण गरिदिने बहानामा सेवाग्राहीसँग रू.१,००,०००।—(एक लाख) घुस रिसवत माग गरी लिन मञ्जुर गरेको देखिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज गयादिन गडरियालाई बिगो रू.१,००,०००।—(एक लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजायको मागदावी लिई मिति २०७६।०३।१६ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता